## सर्वोच्च अदालत एक न्यायाधीशको इजलास

## माननीय न्यायाधीश श्री वमकुमार श्रेष्ठ

### आदेश

०७६-wo-०९३८

**विषयः <u>उत्प्रेषण समेत।</u>**

वरिष्ठ अधिवक्ता श्री प्रकाशमणी शर्मा समेत---------------------------------------निवेदक

**विरुद्ध**

प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत-----------------------------------विपक्षी

निवेदक तर्फबाट उपस्थित हुनुभएका बिद्वान वरिष्ठ अधिवक्ता श्री प्रकाशमणी शर्मा तथा बिद्वान अधिवक्ताहरु श्री सन्जय अधिकारी, श्री लक्ष्मीनानी थापा, श्री शन्तोष भण्डारी र श्री कमल कोइराला समेतले गर्नुभएको बहस सुनियो ।

यसमा, के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने आधार र कारण समेत खुलाई यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी सूचना म्याद पठाई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु।

निवेदकले अन्तरिम आदेशको समेत माग गरेको देखिँदा दुवै पक्षलाई छलफलमा राखी अन्तरिम आदेशको सम्बन्धमा निर्णय गर्न मनासिव देखिएकोले मिति २०७७।१।५ गतेको अन्तरिम आदेश छलफलको तारेख तोकि नियमानुसार पेश गर्नु।

न्यायाधीश

इति सम्वत २०७७ साल बैसाख २ गते रोज ३ शुभम् -------------------------------।